# परिच्छेद - एक
# न्यायमा पहुँच आयोगको परिचय

न्याय त्यहाँ रहन्छ, जहाँ नागरिकका हक अधिकारहरू सुरक्षित रहन्छन् र न्यायिक उपचारका प्रक्रियाहरू छिटो छरितो, सरल, सर्वसुलभ, समयमा प्राप्य र प्रभावकारी हुन्छन्। न्यायमा सहज पहुँच कायम गर्नु कानूनको शासनको महत्वपूर्ण शर्त हो। नेपालको संविधानले सबै प्रकारका भेदभाव र जातीय छुवाछूतको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चितता र कानुनी राज्यको अवधारणाप्रति प्रतिवद्धता जनाएको छ। संविधानमा मौलिक हकहरु अन्तर्गत व्यक्तिका आधारभूत मौलिक अधिकारहरुको संरक्षण गरिएको छ। संविधानले न्यायसम्बन्धी अधिकार संविधान, कानून र न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग हुने व्यवस्था गरेको छ। कुनै पनि व्यक्ति वा नगरिक वा वर्गको हक अधिकारको व्यवस्था संविधानले एवं अन्य कानूनले गरेको हुन्छ। संविधानले प्रदान गरेका हकलाई कानूनी हक भन्ने गरिन्छ। व्यक्ति वा नागरिक वा वर्गलाई हक अधिकार प्रदान गरेर मात्रै पुग्दैन। यस्तो हक अधिकारको उल्लङ्घन भएमा पुनर्स्थापना एवं प्रचलनको लागि उपचारको समेत व्यवस्था हुनु पर्दछ। अधिकार उल्लङ्घन भएमा प्रचलनको लागि जानु पर्ने अदालत वा निकाय वा कार्यालय, सोको तरिका, उजुरी गर्ने समयाविधि, अवलम्बन गर्नु पर्ने कार्यविधिसमेतको व्यवस्था कानूनमा गरिएको हुन्छ। तथापी न्यायप्रदायक निकायहरूबाट प्रदान हुने सेवा उपभोग गर्ने क्षमता सबै व्यक्तिमा समान छैन। यसैले खासगरी महिला, विपन्न, असहाय तथा असक्षम वर्गका व्यक्तिहरू न्यायको पहुँचबाट टाढा रहेका छन्। ती वर्गहरूको न्यायमा पहुँचलाई विशेष रूपमा सम्बोधन गर्नु राज्यको जिम्मेबारी हुन्छ। न्यायमा पहुँच भनेको पनि स्वतन्त्र, निष्पक्ष र सक्षम न्याय प्रशासनको माध्यमबाट ती वर्गको वैयक्तिक स्वतन्त्रता वा अधिकारको पुनर्स्थापना गर्ने विधि, सामर्थ्य र अवसर हो।

न्यायपालिकाले संविधान, कानून र न्यायका मान्य सिद्धान्तप्रति प्रतिबद्ध रही प्रभावकारी, पहुँचयुक्त र जनआस्थामा आधारित न्यायप्रणालीको विकास गर्ने दिशातर्फ आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्दै आएको छ। यसै सन्दर्भमा महिला, विपन्न, असहाय, असक्षम

जस्ता सबै लक्षित वर्गका व्यक्तिको न्यायमा सरल र सहज पहुँच अभिवृद्धि गर्ने दायित्व महसुस गरी विभिन्न कियाकलापहरू सञ्चालन गर्न सर्वप्रथम सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १३ बमोजिम सम्माननीय प्रधान न्यायाधीशज्युको अध्यक्षतामा मिति २०७२।४।१० मा न्यायमा पहुँच आयोग गहन गरिएको थियो। हाल सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२० बमोजिम न्यायमा पहुँच आयोग गठन भएको र सो आयोगको संरचना तथा पदाधिकारीहरु नामावली देहायबमोजिम रहेको छः-

माननीय डा.श्री मनोज कुमार शर्मा, न्यायाधीश, सर्वोच्च अदालत -अध्यक्ष

माननीय श्री नृपध्वज निरौला, न्यायाधीश, सर्वोच्च अदालत -सदस्य

माननीय श्री रमेशल वडाल, महान्यायाधिवक्ता, महान्यायाधिवक्ता कार्यालय -सदस्य

माननीय श्री लालबहादुर कुँवर, कामु मुख्य न्यायाधीश, उच्च अदालत पाटन -सदस्य

श्री देवेन्द्रराज ढकाल, मुख्य रजिष्ट्रार, सर्वोच्च अदालत -सदस्य

श्री उदयराज सापकोटा, सचिव, कानून न्याय तथा संसदिय मामिला मन्त्रालय -सदस्य

वरिष्ठ अधिवक्ता श्री विजय प्रसाद मिश्र, अध्यक्ष, नेपाल वार एसोसियसन -सदस्य

माननीय कमल प्रसाद पोखरेल, जिल्ला न्यायाधीश, काठमाडौं जिल्ला अदालत -सदस्य

वरिष्ठ अधिवक्ता श्री मेघराज पोखरेल, अध्यक्ष, सर्वोच्च अदालत वार एसोसियसन -सदस्य

डा.श्री मानबहादुर वि.के., पूर्व सचिव, नेपाल सरकार -सदस्य

श्री हरिबहादुर थापा, बरिष्ठ पत्रकार -सदस्य

श्री योगिता राई, अधिवक्ता -सदस्य

श्री भद्रकाली पोखरेल, रजिष्ट्रार, सर्वोच्च अदालत -सदस्य सचिव

**न्यायमा पहुँच आयोगको कार्यदिश देहाय बमोजिम रहेका छन:-**

१. महिला, विपन्न, असहाय र असक्षम बर्गका व्यक्तिहरूलाई समाजको समान सदस्यको रुपमा तिनीहरूलाई प्राप्त हक अधिकारबारे सचेतना कार्यक्रम संचालन गर्ने।
२. कानूनी हक अधिकारहरूको उपभोग गर्ने र न्यायिक उपचार संयन्त्रहरूको प्रयोग गर्ने क्षमता अभिवृद्धिका लागि रणनीतिगत योजना तय गरी कार्यान्वयन गर्ने।
३. न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली Support System को विकास गर्ने।
४. न्यायको पहुँचमा रहेका अवरोधक तत्वहरू पहिचान गरी सोको न्यूनिकरणको लागि आवश्यक उपायहरू अवलम्बन गर्ने, गराउने।
५. महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूको कानूनी आवश्यकताहरूको पहिचान गरी न्यायमा पहुँच अभिवृद्धिका लागि चाल्नुपर्ने नीतिगत परिवर्तनका सम्बन्धमा सुझाव दिने।
६. न्यायमा पहुँच अभिवृद्धि गर्ने सिलसिलामा कार्यरत विभिन्न संघ संस्थाहरूसंग समन्वय गर्ने।

# परिच्छेद २

# न्यायमा पहुँच सम्बन्धी योजना तथा वार्षिक कार्ययोजना

## २.१ न्यायपालिकाको पाँचौं पञ्चवर्षिय रणनितिक योजना

न्यायपालिकाको पाँचौं पञ्चवर्षिय रणनितिक योजनाको परिच्छेद ७ मा न्यायमा पहुँचको व्यवस्था गरेको छ। रणनितिक योजनाका विभिन्न लक्ष्यहरुमध्ये न्यायमा सहज पहुँच अभिवृद्धिलाई पहिलो प्राथमिकतामा राखेको देखिन्छ। योजनाले न्यायमा पहुँच अभिवृद्धि गर्नका लागि देहायबमोजिम रणनितिक उद्देश्यहरु उल्लेख गरेको छः-

- न्यायमा पहुँचका अवरोधहरुको पहिचान र सम्बोधन गर्नु,
- अदालतका पूर्वाधार तथा कार्यवातावरणलाई सेवाग्राहीमैत्री बनाउनु,

- मुद्दाको कारवाही प्रक्रियामा सूचना प्रविधिको प्रयोगलाई गुणस्तरिय र प्रभावकारी बनाउनु,
- कानूनी सहायता प्रणालीलाई सुदृढ र गुणस्तरिय बनाउनु,
- पीडितमैत्री न्याय प्रणालीलाई संस्थागत गर्नु,
- न्याय प्रणालीलाई लैङ्गिकमैत्री तथा सामाजिक रुपमा समावेशी बनाउनु।

## २.२ न्यायमा पहुँच आयोगको आ.व.२०८१/८२ को वार्षिक कार्ययोजना

## न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना २०८१/८२

**न्यायमा पहुँच आयोग**

**परिच्छेद-सात**

**न्यायमा पहुँच**

### ७.४ लक्ष्य, रणनीति तथा कार्यान्वयन योजना

### ७.४.१ लक्ष्यः न्यायमा सहज पहुँच अभिवृद्धि

### ७.४.२ रणनीतिक उद्देश्य तथा कार्यान्वयन योजना

रणनीतिक उद्देश्य १. न्यायमा पहुँचका अवरोधहरूलाई प्राथमिकीकरण गरी सम्बोधन गर्नु।

| क्र.सं. | कार्य | क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | प्रारम्भिक जिम्मेवारी | अन्तिम जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १. | न्यायमा पहुँचको अवस्था मापनका सूचकहरु विकास गरी निर्धारित सूचकहरुको आधारमा न्यायपालिकामा न्यायमा पहुँचको अवस्थाको बारेमा सर्वेक्षण गर्ने। | न्यायमा पहुँचको अवस्था मापनका सूचकहरु विकास गर्न अध्ययन समूह गठन गर्ने। | अध्ययन समूह | २०८१ चैत्र | न्यायमा पहुँच आयोग | न्यायमा पहुँच आयोग/ मुख्य रजिस्ट्रार |
| | | अध्ययन समितिले सर्वेक्षण गर्ने। | सर्वेक्षण प्रतिवेदन | २०८२ असार | अध्ययन समिति | |
| | | सर्वेक्षण फारम लागू गर्ने। | पत्राचार | तर्जुमा पश्चात | न्यायमा पहुँच आयोग | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | हालसम्म भएका अध्ययनहरुको पुनरावलोकनसमेत गरी न्यायमा पहुँचका अवरोधहरुको पहिचान र सम्बोधनका लागि प्राथमिकीकरण गर्ने। | पूर्व अध्ययनहरुको पुनरावलोकन गर्न अध्ययन समूह गठन गर्ने। | अध्ययन समूह | २०८१ चैत्र | न्यायमा पहुँच आयोग | न्यायमा पहुँच आयोग/ मुख्य रजिस्ट्रार |
| | | न्यायमा पहुँचका अवरोधहरुको पहिचान र सम्बोधनका लागि प्रतिवेदन तयार गर्ने। | अध्ययन प्रतिवेदन | २०८२ असार | अध्ययन समिति | |
| ३. | पहिचान भएका न्यायमा पहुँचका अवरोधहरूको सम्बोधनका लागि वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने। | वार्षिक कार्ययोजना तर्जुमा न्यायमा पहुँच आयोगको सचिवालयले गर्ने। | निर्णय | २०८१ साउन | न्यायमा पहुँच आयोग | न्यायमा पहुँच आयोग/ मुख्य रजिस्ट्रार |
| | | वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने। | कार्ययोजना/पत्र | २०८१ साउन | | |
| ४. | न्यायमा पहुँच अभिवृद्धिको लागि विद्यमान कानून, कार्यविधि र अदालती अभ्यासमा गर्नुपर्ने सुधारका क्षेत्रहरु पहिचान गरी कार्यान्वयन गर्ने। | कानूनमा गर्नुपर्ने सुधारका क्षेत्रहरु पहिचान गर्न समिति गठन गर्ने। | समिति गठन | २०८१ कार्त्तिक | न्यायमा पहुँच आयोग | न्यायमा पहुँच आयोग/ मुख्य रजिस्ट्रार |
| | | कानूनमा गर्नुपर्ने सुधारका क्षेत्रहरु पहिचान गरी अध्ययन गर्ने। | प्रतिवेदन | २०८१ मंसिर-माघ | समिति | |
| | | सुझाव कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखी पठाउने। | पत्राचार | २०८१ फागुन | आयोगको सचिवालय | |
| ५. | अदालत बाहेक अन्य निकायसँग सम्बन्धित न्यायमा पहुँचका अवरोधहरूको सम्बोधन गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने। | सरोकावारवालाहरुको पहिचान गरी बैठक बस्ने। | समन्वय/बैठक | २०८१ असोज | न्यायमा पहुँच आयोग | न्यायमा पहुँच आयोग/ मुख्य रजिस्ट्रार |
| | | बैठकमा उठेका सुझावहरु कार्यान्वयन गर्ने। | पत्राचार | बैठक पश्चात्त | आयोगको सचिवालय | |

रणनीतिक उद्देश्यः २. अदालतको कार्य वातावरण तथा सेवा प्रवाहलाई सेवाग्राही मैत्री बनाउनु।

| क्र.सं. | कार्य | | कार्यसम्पादन सूचक | समयावधि | प्रारम्भिक जिम्मेवारी | अन्तिम जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १ | न्यायिक जनशक्तिलाई सेवाग्राहीहरूसँग गर्नुपर्ने व्यवहारका सम्बन्धमा नियमित रूपमा अभिमुखीकरण गर्ने। | कार्यक्रम संचालनको प्रारुप तय गर्ने। | कार्यक्रम | २०८१ असोज | प्रशासन महाशाखा/न्यायमा पहुँच आयोग | मुख्य रजिस्ट्रार/ प्रशासन महाशाखा |
| | | अभिमुखीकरण कार्यक्रम स्वीकृत गर्ने। | निर्णय | २०८१ कार्तिक | प्रशासन महाशाखा/न्यायमा पहुँच आयोग | |
| | | कार्यक्रम सञ्चालन गरी प्रतिवेदन तयार गर्ने। | कार्यक्रम प्रतिवेदन | २०८१ असोज, माघ, ज्येष्ठ निरन्तर | प्रशासन महाशाखा/न्यायमा पहुँच आयोग | |
| २ | अदालतको काम कारवाही, उपलब्ध सेवा सुविधा, सेवाग्राहीका अधिकार र कर्तब्य तथा अदालतका सेबा प्रदान गर्ने स्थान वा पक्षहरूको पहिचानमा सहयोग पुग्ने गरी आवश्यक सूचनाहरू समावेश भएको जानकारी पुस्तिका (leaflet ) प्रकाशन र बितरण गर्ने। | जानकारी पुस्तिका (leaflet ) तयार गर्न कार्य समूह गठन गर्ने। | निर्णय | २०८१ पुस | न्यायमा पहुँच आयोग | रजिस्ट्रार |
| | | जानकारी पुस्तिका (leaflet ) प्रकाशन र वितरण गर्ने। | जानकारी पुस्तिका | २०८१ फागुन | कार्य समूह | |

रणनीतिक उद्देश्यः ४. कानूनी सहायता प्रणालीलाई सुदृढ र गुणस्तरीय बनाउनु।

| क्र. सं. | कार्य | क्रियाकलापहरु | कार्यसम्पादन सूचक | समयावधि | प्रारम्भिक जिम्मेवारी | अन्तिम जिम्मेवारी |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | अदालतमा बैतनिक कानून व्यवसायी, प्रोबोनो सेवा दिने कानून व्यवसायी, कानूनी सहायता समिति तथा अन्य सामाजिक संस्थाहरूमार्फत उपलब्ध गराईने निशुल्क कानूनी सेवालाई थप प्रभावकारी बनाउन एकीकृत नि शुल्क कानूनी सेवाः सम्बन्धी निर्देशिका बनाई लागु गर्ने। | एकीकृत निशुल्क कानूनी सेवा सम्बन्धी निर्देशिका तर्जुका लागि आवश्यक अध्ययन गर्न अध्ययन समिति गठन गर्ने। | समिति गठन | २०८१ भदौ | न्यायमा पहुँच आयोग | पूर्ण बैठक/ प्रधान न्यायाधीश/ मुख्य रजिस्ट्रार |
| | | अध्ययन समितिले निर्देशिका तर्जुमा गर्ने। | निर्देशिका | २०८१ पुष | | |
| | | निर्देशिका कार्यान्वयन गर्ने। | पत्राचार | तर्जुमा पश्चात | | |
| २ | कानून व्यवसायीको सेवा र स्वेच्छिक निशुल्क कानूनी सेवा) प्रोवोनो (उपलब्ध हुने बारेको जानकारी सर्वसाधारणलाई सम्प्रेषण गर्न आवश्यक सामग्री तयार गरी विभिन्न माध्यमबाट प्रकाशन तथा प्रसारण गर्ने। | अदालतबाट वैतनिक कानून व्यवसायीको सेवा र स्वेच्छिक निशुल्क कानूनी सेवा (प्रोवोनो) उपलब्ध हुने बारेको जानकारी दिने सम्बन्धमा ब्रोसर तयार गर्ने। | ब्रोसर | २०८१ असोज | न्यायमा पहुँच आयोग | मुख्य रजिस्ट्रार / रजिस्ट्रार/ स्रेस्तेदार |
| | | सामग्री तयार गरी विभिन्न माध्यमबाट प्रकाशन तथा प्रसारण गर्ने। | सूचना/प्रकाशन, प्रसारण | २०८१ कार्त्तिक | न्यायमा पहुँच आयोग | |
| ३ | स्थानीय न्यायिक समितिका पदाधिकारीलाई न्यायिक कार्यविधिका बारेमा अभिमुखिकरण कार्यक्रम संचालन/समन्वय/सहजिकरण गर्ने। | कार्यक्रम संचालनको प्रारुप तय गर्ने। | कार्यक्रम | २०८१ माघ | न्यायमा पहुँच आयोग सचिवालय | न्यायमा पहुँच आयोग/ मुख्य रजिस्ट्रार |
| | | अन्तरक्रिया कार्यक्रम स्वीकृत गर्ने। | निर्णय | २०८१ माघ | | |
| | | कार्यक्रम सञ्चालन गरी प्रतिवेदन तयार गर्ने। | प्रतिवेदन | २०८१ माघ | | |
| ४ | न्यायीक तथा अर्धन्यायीक निकायमा कार्यरत जनशक्तिलाई सेवाग्राहीसँग गर्नुपर्ने व्यवहारका सम्बन्धमा प्रशिक्षण कार्यक्रम संचालन गर्ने। | कार्यक्रम संचालनको प्रारुप तय गर्ने। | कार्यक्रम | २०८२ वैशाख | न्यायमा पहुँच आयोग | न्यायमा पहुँच आयोग/ मुख्य रजिस्ट्रार |
| | | प्रशिक्षण कार्यक्रम स्वीकृत गर्ने। | निर्णय | २०८२ वैशाख | | |
| | | कार्यक्रम सञ्चालन गरी प्रतिवेदन तयार गर्ने। | प्रतिवेदन | २०८२ वैशाख | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | लक्षित वर्गका व्यक्तिका हक अधिकार, कानूनी व्यवस्था, कार्यविधि तथा सशक्तिकरणका सम्बन्धमा सरोकारवाला निकायहरुसँग केन्द्र, प्रदेश र स्थानीय तहमा अन्तरक्रिया गर्ने, समन्वय गर्ने। | कार्यक्रम संचालनको प्रारुप तय गर्ने। | कार्यक्रम | २०८२ जेठ | न्यायमा पहुँच आयोग सचिवालय | न्यायमा पहुँच आयोग/ मुख्य रजिस्ट्रार |
| | | अन्तरक्रिया कार्यक्रम स्वीकृत गर्ने। | निर्णय | २०८२ जेठ | | |
| | | कार्यक्रम सञ्चालन गरी प्रतिवेदन तयार गर्ने। | प्रतिवेदन | २०८२ जेठ | | |
| ६ | अदालतमा कार्यरत वैतनिक कानून व्यवसायीसँग न्यायमा पहुँच अभिवृद्धिको सम्बन्धमा छलफल गरी सुझाव संकलन गरी सुझाव कार्यान्वयनको लागि पहल गर्ने। | छलफल बैठक गर्ने। | बैठक | २०८१ असोज | न्यायमा पहुँच आयोग सचिवालय | न्यायमा पहुँच आयोग/ मुख्य रजिस्ट्रार |
| | | छलफलबाट प्राप्त सुझाव कार्यान्वयनको लागि सम्बन्धित निकायमा लेखी पठाउने। | पत्राचार | २०८१ असोज | | |
| ७ | कारागारको नियमित अवलोकन भ्रमण गरी थुनुवासँगको छलफलबाट न्यायमा पहुँचको अवस्थाको सम्बन्धमा जानकारी प्राप्त गरी सो सुधारको लागि सरोकारवालासँग समन्वय गर्ने। | कारागारको अवलोकन भ्रमण गरी थुनुवा समेतसँग छलफल गर्ने। | कार्यक्रम /छलफल | २०८१ चैत | न्यायमा पहुँच आयोग सचिवालय | न्यायमा पहुँच आयोग/ मुख्य रजिस्ट्रार |
| | | अवलोकन र छलफलबाट प्राप्त सुझाव/निष्कर्षबाट सुधारको सम्बन्धमा सरोकारवालासँग समन्वय गर्ने। | समन्वय बैठक | २०८२ वैशाख | | |

**रणनीतिक उद्देश्यः ६. न्यायप्रणालीलाई लैङ्गिकमैत्री तथा सामाजिक रूपमा समावेशी बनाउनु।**

| क्र.सं. | कार्य | क्रियाकलापहरु | कार्यसम्पादन सूचक | समयावधि | प्रारम्भिक जिम्मेवारी | अन्तिम जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १. | पीडित महिला, अपाङ्गता भएका व्यक्ति, बिपन्न तथा पिछडिएका वर्ग र समुदायका सेवाग्राहीको न्यायमा पहुँच सुनिश्चित गर्न सो सम्बन्धी कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने। | कार्यक्रम संचालनको प्रारुप तय गर्ने। | कार्यक्रम | २०८२ वैशाख | न्यायमा पहुँच आयोग सचिवालय | न्यायमा पहुँच आयोग/ मुख्य रजिस्ट्रार |
| | | कार्यक्रम स्वीकृत गर्ने। | निर्णय | २०८२ वैशाख | | |
| | | कार्यक्रम सञ्चालन गरी प्रतिवेदन तयार गर्ने। | प्रतिवेदन | २०८२ वैशाख | | |

## परिच्छेद ३

## आ.व.२०८१/८२ मा न्यायमा पहुँच आयोगबाट भएका गतिविधिहरु

### ३.१ पृष्ठभूमि

न्यायमा पहुँच आयोगले स्थापनाकालदेखि नै आफ्नो वार्षिक कार्ययोजना बनाई लागू गर्दै आइरहेको छ। आयोगले यसबीचमा न्यायिक सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन, सरोकारवाला निकायहरूसँगको सहयोग र समन्वयमा, न्यायमा पहुँच स्थापित गर्न वाधक रहेका विषयहरूको पहिचान, कानूनी व्यवस्था सुधार र परिमार्जनको लागि सुझाव, निःशुल्क कानूनी सेवाको विस्तार जानकारीमलक कार्यक्रम/सूचना उत्पादन र प्रशारण, न्यायमा पहुँच स्थापना गर्न आवश्यक देखिएका अन्य विषयहरूको अध्ययन अनुसन्धान, अनुगमन प्रशिक्षण, कार्यशाला, गोष्ठी सञ्चालन जस्ता कार्यक्रमहरु गरेको छ।

न्यायपालिकाबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन सर्वोच्च अदालतले पाँचौं पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी लागु गरेको सन्दर्भमा न्यायमा पहुँच आयोगको कार्ययोजनाले न्यायपालिकाको लक्ष्य प्राप्तिमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुग्ने आशा एवं विश्वास राखिएको छ। सोही उद्धेश्यले आयोगले पनि आफ्नो काम कारवाहीलाई सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सम्पन्न गर्न आ.व. २०८१/८२ को वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गरेको छ। यो कार्ययोजना कार्यान्वयनको क्रममा आयोगबाट सम्पन्न गरिएका गतिविधि एवं क्रियाकलापहरु र हासिल भएका उपलब्धिहरुलाई देहायबमोजिम उल्लेख गरिएको छः-

### ३.२ आ.ब. २०८०/२०८१ मा आयोगबाट भएका गतिबिधिहरु

#### १. आयोगको बैठक सम्पन्न

सम्बत् २०८१ साल भाद्र ३१ गते सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा न्यायमा पहुँच आयोगका अध्यक्ष डा. श्री मनोज कुमार शर्माको अध्यक्षतामा आयोगका सदस्य तथा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री देवेन्द्रराज ढकाल, आयोगका सदस्य सचिव तथा रजिष्ट्रार श्री भद्रकाली पोखरेल, सचिवालय प्रमुख सह-रजिष्ट्रार श्री ठगिन्द्र कट्टेल

समेतको उपस्थितिमा सर्वोच्च अदालत, न्यायमा पहुँच आयोगको बैठक सम्पन्न भएको थियो।

**२.अर्को बैठक सम्पन्न**

सम्बत् २०८१ साल असोज ११ गते सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा न्यायमा पहुँच आयोगका अध्यक्ष डा. श्री मनोज कुमार शर्माको अध्यक्षतामा आयोगका सदस्य तथा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री देवेन्द्रराज ढकाल, आयोगका सदस्य सचिव तथा रजिष्ट्रार श्री भद्रकाली पोखरेल, सचिवालय प्रमुख सह-रजिष्ट्रार श्री ठगिन्द्र कट्टेल समेतको उपस्थितिमा सर्वोच्च अदालत, न्यायमा पहुँच आयोगको बैठक सम्पन्न भएको थियो। उक्त बैठकले न्यायमा पहुँच आयोगको अवधारणालाई समय सापेक्ष तथा न्यायपालिकाको पञ्चवर्षिय रणनितिक योजना अनुकुल बनाउने सम्बन्धमा अध्ययन गर्न न्यायमा पहुँच आयोगका सल्लाहाकार अधिवक्ता श्री राजन कुमार के.सी.लाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरेको थियो।

**३.तेस्रो बैठक सम्पन्न**

यसैगरी सम्बत् २०८१ साल भाद्र ३१ गते सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा न्यायमा पहुँच आयोगका अध्यक्ष डा. श्री मनोज कुमार शर्माको अध्यक्षतामा आयोगका सदस्य तथा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री देवेन्द्रराज ढकाल, आयोगका सदस्य सचिव तथा रजिष्ट्रार श्री भद्रकाली पोखरेल, सचिवालय प्रमुख सह-रजिष्ट्रार श्री ठगिन्द्र कट्टेल समेतको उपस्थितिमा सर्वोच्च अदालत, न्यायमा पहुँच आयोगको बैठक सम्पन्न भएको थियो।

**४.अन्य बैठकक सम्पन्न**

यसैगरी सम्बत् २०८१ साल असोज ११, मिति २०८१ कार्तिक २, मिति २०८१ मंसिर १८, मिति २०८१ साल पोष २६, मिति २०८१ साल माघ २७ लगायतका अन्य मितिमा विभिन्न एजेण्डामा बैठक सम्पन्न भएका थियो। यस्ता बैठकहरुले न्यायको पहुँचमा पुग्न नसकेका मानिसहरुलाई न्यायमा पहुँच स्थापित गर्न अबलम्बन गरिने विभिन्न विषयवस्तुमा केन्द्रित रही निर्णय समेत गरेको देखिन्छ।

**५.अध्ययन अनुसन्धान सम्बन्धी कार्य**

सर्वोच्च अदालतको पाँचौं रणनीतिक योजना अन्तर्गत विभिन्न लक्ष्यहरु तय गरिएकोमा न्यायमा पहुँच अभिवृद्धि पनि एक हो। जस अन्तर्गत विभिन्न रणनीतिक उद्देश्य मध्ये पीडितमैत्री न्याय प्रणालीको सुदृढीकरण गर्न रहेको थियो। जसलाई मुर्त रुप प्रदान गर्ने उद्देश्यका साथ पीडितको न्यायमा पहुँच अभिवृद्धिका लागि कानूनी तथा अदालति प्रयासलाई समेटेर विभिन्न अध्ययन र अनुसन्धान समेत भएका छन। उक्त अनुसन्धानको प्रतिवेदनबाट प्राप्त सुझावलाई समयानुकुल बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन सकेमा पीडितमैत्री न्याय प्रणालीको सुनिश्चितता हुने देखिन्छ।

**६.जानकारीमुलक पुस्तिकाहरू (leaflets) को प्रकाशन तथा वितरण**

न्यायमा पहुँच आयोगले बिगत आर्थिक वर्षमा प्रकाशन गरेका देहाय बमोजिमका जानकारीमुलक पुस्तिकाहरु (LEAFLETS) को संख्या कम भएका कारण पर्याप्त रुपमा वितरण गर्न नसकिएकोले थप संख्या प्रकाशन गर्ने कार्यक्रम वार्षिक कार्ययोजनामा रहेको र त्यसको निम्ति आयोगलाई छुट्याइएको बजेटबाट केही जानकारीमुलक पुस्तिकाहरू छपाई गरी प्रकाशन गरिएको छ।

- थुनुवा एवम् कैदीको अधिकार सम्बन्धी जानकारी पुस्तिका
- असमर्थ पक्ष तथा आर्थिक रुपले विपन्न नागरिक अधिकार सम्बन्धी जानकारी पुस्तिका
- न्यायमा पहुँच अभिवृद्धिका लागि अदालतको क्रियाकलाप सम्बन्धी पुस्तिका
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी जानकारी पुस्तिका
- वालवालिकको अधिकार सम्बन्धी जानकारी पुस्तिका
- छुवाछुत तथा भेदभाव विरुद्धको अधिकार एवं उपचार सम्बन्धी जानकारी पुस्तिका
- स्थानिय न्यायिक समितिको कामकारवाही सम्बन्धी जानकारी पुस्तिका।

न्यायमा पहुँच आयोगबाट लक्षित वर्गका व्यक्तिहरुका कानूनी अधिकारको संरक्षण र सम्वर्द्धन गर्न आयोगबाट प्रकाशित विभिन्न जानकारी पुस्तिकाहरु आयोगको कार्यालयबाट, कारागार कार्यालय, वैतनिक कानून व्यवसायीबाट तथा विभिन्न जिल्लामा सरोकारवाला निकायसँग भएको अन्तरक्रिया कार्यक्रमको माध्यमबाट समेत वितरण गरिएको छ।

**७.अदालती प्रक्रिया, कार्यविधिको जानकारीमूलक पुस्तिकाको वेभपेजमा अपलोड**

लक्षित वर्गका सेवाग्राहीले आफुलाई अन्याय भएको महसुस गरी अदालतसम्म न्यायको पहुँचको अपेक्षा गर्दा प्रक्रियागत अलमल नहोस् भन्नका लागि लक्षित वर्गले बुझ्ने भाषामा अदालती प्रक्रिया तथा कार्यविधिका बारेमा जानकारीमूलक पुस्तिका प्रकाशन र वितरण गर्न समन्वय गर्ने भन्ने यस वर्षको कार्यक्रम रहेकोमा अदालती प्रक्रिया, कार्यविधिका बारेमा जानकारीमूलक पुस्तिका प्रकाशन र वितरण गर्न न्यायमा पहुँच आयोगको वेभपेजमा उक्त जानकारीमुलक पुस्तिका, आयोगसँग सम्बन्धीत ऐन, नियम, निर्देशिका, सेवा प्राप्त गर्ने कार्यविधि, अदालतसँग सम्बन्धीत विभिन्न प्रकारका निवेदनहरु लगायत अन्य उपयोगि सामाग्रीहरु अपलोड गर्ने गरिएको अवस्था छ।

## ८.न्यायमा पहुँच सम्बन्धी फैसला तथा आदेशहरूको संकलन

सर्वोच्च अदालतबाट भएका फैसलाहरु मध्येवाट लक्षित बर्गको न्यायमा पहुँचसँग सम्बन्धित फैसला तथा आदेशहरू संकलन गरी प्रकाशन गर्ने क्रियाकलाप कार्ययोजनामा रहेको थियो। उक्त क्रियाकलाप कार्यान्वयनको लागि आयोगको सचिवालयबाट २०८१ चैत्रका न्यायमा पहुँचसँग सम्बन्धित फैसला तथा आदेशहरूको संकलन गर्ने कार्य सम्पन्न भएको छ। संकलित फैसलाहरुलाई सम्पादन गरी प्रकाशन गर्ने कार्य मात्र बाँकी रहेको छ।केही फैसलाहरु न्यायमा पहुँच आयोगको वेभसाइटमा समेत राखिएको छ।

## ९.कानूनी सहायता सम्बन्धी नीतिको कर्यान्वयन स्थिती

न्यायमा पहुँच आयोगको चालु वार्षिक कार्ययोजनामा निःशुल्क कानूनी सहायतालाई एकीकृत र प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने भन्ने व्यवस्था रहेकोमा सर्वोच्च अदालत, न्यायमा पहुँच आयोगको सुझाव समेतलाई समावेश गरी एकीकृत कानूनी सहायता सम्वन्धी नीति, २०७६ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०९/१४ को निर्णयबाट स्वीकृत भई कानून मन्त्रालयको वेवसाइटमा राखिएको छ। सोही नीतिलाई कार्यान्वयन गर्ने उद्देश्यका साथ कानूनमा छरिएर रहेका निःशुल्क कानूनी सहायता सम्बन्धी प्रावधान तथा अन्य निकायबाट प्रदान गरिने कानूनी सहायतालाई प्रभावकारी रुपमा लक्षितवर्ग सम्म पुरयाउन सहज हुने गरी एकीकृत कानूनी सहायता सम्बन्धी कानूनको निर्माणको चरणमा रहेको भन्ने बुझिन आएको छ।

## १०.न्यायमा पहुँच आयोग (कार्य संचालन) निर्देशिका, २०७२ लाई समसामयिक परिमार्जन र संशोधन गर्न समिति निर्माण

न्यायमा पहुँच आयोगका कामकारवाहीलाई समयानुकुल परिमार्जन र संशोधन गर्न आवश्यक रहेको हुँदा उक्त कार्यका लागि न्यायमा पहुँच आयोगका सचिवालय प्रमुख तथा सर्वोच्च अदालतका सह-रजिष्ट्रार श्री ठगिन्द्र कट्टेलज्यूको संयोजकत्वमा न्यायमा पहुँच आयोग (कार्य संचालन) निर्देशिका, २०७२ लाई परिमार्जन र संशोधन समिति गठन भएकोमा उक्त समितिले निर्देशिका परिमार्जन र संशोधन कार्य गरिरहेको अवस्था छ। उक्त निर्देशिकाको कार्य अन्तिम अवस्थामा रहेको र आ.व. २०८१/८२ को अन्तिमसम्म निर्देशिका तयार भइसक्ने जानकारी उक्त समितिले जानकारी गराएको अवस्था छ।

## ११. स्वेच्छिक निःशुल्क कानूनी सेवा (pro bono) सम्बन्धी निर्देशिका कार्यान्वयन

स्वेच्छिक निःशुल्क कानूनी सेवा (Pro bono) लाई संस्थागत गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने भन्ने चालु वार्षिक कार्ययोजनाको कार्यक्रम रहेकोमा आयोगवाट आवश्यक समन्वय, सहयोग र सहजीकरणका लागि नेपाल बार एसोसिएसन र सर्वोच्च अदालत बार एशोसिएशनका प्रतिनिधिसमेत सँगको गत आ.व.मा बैठक बसी आयोगबाट तयार गरिएको स्वेच्छिक निःशुल्क कानूनी सेवा (Pro bono) सम्बन्धी निर्देशिकाको कार्यान्वयन तथा सो सम्बन्धी सेवालाई संस्थागत गर्ने सम्बन्धी निर्णय भएको थियो। नेपाल बार एसोसिएसनले कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गरे बमोजिम स्वेच्छिक निःशुल्क कानूनी सेवा (pro bono ) सम्बन्धी नेपाल बार एसोसिएसनका सम्पूर्ण एकाईहरुमा पत्राचार गरी सबै जिल्लाका कानून ब्यबसायीहरुलाई स्वेच्छिक रुपमा अभिलिखित हुन र सेवा प्रदान गर्न अनुरोध गरी पत्राचार समेत भएको छ।

## १२.अन्तरक्रिया कार्यक्रमहरु

### १२.१ मिति २०८१।१२।०४ मा सिराहा जिल्लामा सम्पन्न कार्यक्रम

- न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना अनुसार मिति २०८१।१२।०४ गते सोमवार **"न्यायमा पहुँच सम्बन्धी सरोकारवाला निकायहरुवीच अन्तरक्रिया कार्यक्रम"** सिराहा जिल्ला अदालतको सभाहलमा सम्पन्न भएको थियो।
- सर्वोच्च अदालतका माननीय न्यायाधीश एवं न्यायमा पहुँच आयोगका सदस्य श्री नृपध्वज निरौलाज्यूले अध्यक्षता गर्नु भएको उक्त कार्यक्रममा उच्च अदालत जनकपुर, राजविराज इजलासका मुख्य भै काम गर्ने माननीय न्यायाधीश श्री वामदेव ज्ञवालीज्यू विशेष अतिथि, सर्वोच्च अदालतका रजिष्ट्रार तथा न्यायमा पहुँच आयोगका सदस्य-सचिव श्री भद्रकाली पोखरेल, सिराहा जिल्ला अदालतका माननीय न्यायाधीश डा.श्री श्रीप्रकाश उप्रेती, जिल्ला प्रशासन कार्यालय सिराहाका प्रमुख जिल्ला अधिकारी श्री वासुदेव दाहाल, सर्वोच्च अदालतका सह-रजिष्ट्रार तथा न्यायमा पहुँच आयोगका सचिवालय प्रमुख श्री ठगिन्द्र कट्टेल, सिराहा जिल्ला न्यायाधिवक्ता श्री राजेन्द्र वस्नेत, जिल्ला न्यायाधिवक्ता श्री दिपक कार्की, जिल्ला प्रहरी कार्यालय सिराहाका प्रहरी प्रमुख श्री रमेश पण्डित, सिराहा जिल्ला बारका अध्यक्ष श्री मदन कुमार साह तथा जिल्ला वार इकाईका अन्य पदाधिकारीका साथै सिराहा जिल्ला अदालतका स्रेस्तेदार श्री निरज पोखरेल, तहसिलदार श्री महेन्द्र यादव र अन्य कर्मचारीहरुसमेत गरी जम्मा ६५ (पुरुष-६१, महिला-४) जना महानुभावहरूको सहभागिता रहेको थियो।
- सर्वोच्च अदालत, न्यायमा पहुँच आयोग सचिवालयका शाखा अधिकृत श्री जोवन काफ्लेद्धारा सञ्चालन गरिएको उक्त कार्यक्रममा आयोगका सल्लाहाकार विद्वान् अधिवक्ता श्री राजन कुमार के.सी.ले अन्तरक्रिया कार्यक्रमका अध्यक्ष, विशेष अतिथी लगायत कार्यक्रममा सहभागी सम्पूर्ण महानुभावहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो।
- कार्यक्रमको उद्घाटन सत्र पश्चात पहिलो कार्यपत्रको प्रस्तुती सर्वोच्च अदालतका रजिष्ट्रार एवं न्यायमा पहुँच आयोगका सदस्य-सचिव श्री भद्रकाली पोखरेलज्यूले **"न्यायमा पहुँचको अवधारणा एवम् अवस्था, न्यायमा सहज पहुँच अभिवृद्धिका लागि भएका प्रयासहरु तथा हालसम्म भएका उपलब्धीहरु"** को बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएकोमा दोस्रो कार्यपत्र सिराहा जिल्ला

अदालतका माननीय न्यायाधीश डा.श्री श्रीप्रकाश उप्रेतीले **“न्यायमा पहुँच अभिवृद्धिको वर्तमान अवस्था, सेवाग्राहीका अपेक्षा, न्यायमा पहुँचमा देखापरेका समस्याहरु तथा चुनौतीहरु र समाधानका उपायहरु”** को बारेमा गर्नु भएको थियो।

- छलफलको क्रममा सहभागीहरूले उठाएका जिज्ञासाहरू यस प्रकार थिए।

  ✓ मुद्दा मामिलाको सम्बन्धमा अदालत तथा अन्य न्यायिक निकायमा विचौलियाको हावी हुँने हुँदा सर्वसाधारणको न्यायिक काम कारवाहीमा पहुँच स्थापित हुन नसकेको।

  ✓ कुन निकायमा न्याय माग्न जाने र कसरी न्याय जाने भन्ने प्रक्रियाका वारेमा थाहा नहुनु, महिला, विपन्न, असक्षम, असहाय व्यक्तिहरुलाई निःशुल्क कानूनी सेवा प्राप्त हुन्छ भन्ने पनि जानकारी नभएको,

  ✓ मुद्दा दर्ता देखि फैसला कार्यान्वयनसम्मको प्रक्रिया झन्झटिलो हुने गरेको।

  ✓ न्यायिक कामकारवाहीलाई खुला र पारदर्शी बनाउन तथा सर्वसाधारणलाई सरल र प्रभावकारी तवरले सेवा प्रवाह गर्न अदालतमा सोधपूछ कक्षका साथै नागरिक वडापत्र र विभिन्न पोष्टर टेम्प्लेटको व्यवस्था हुन नसकेको।

  ✓ कारागारमा क्षमता भन्दा बढी थुनुवा र कैदी भएको, अदालत र कारागार प्रशासनविचमा प्रभावकारी समन्वय हुन नसक्दा कैदी वन्दीहरुले मुद्दा पेशीको दिन सुनुवाई हुनबाट वन्चित हुनु परेको

  ✓ न्यायमा पहुँच कायम गर्न तथा अदालती कामकारवाहीमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सरोकारवाला निकायहरु जस्तैः मालपोत कार्यालय, नापी कार्यालय, स्थानीय निकाय लगायतको भूमिका प्रभावकारी बनाउनु पर्ने।

  ✓ विभिन्न तहमा रहेका जिल्ला कानूनी सहायता समिति तथा प्रदेशस्तरका प्रदेश कानूनी सहायता समितिहरुलाई सक्रिय बनाउन नसकिदा कमजोर वर्ग समुदायका मानिसहरुलाई न्यायमा पहुँच स्थापित गर्न समस्या उत्पन्न भएको र नागरिकको तहमा यस्ता समितिको भूमिकाप्रति विश्वास र भरोसा क्रमशः घट्दै गएको।

- ✓ न्यायिक समितिमा बस्ने व्यक्तिहरु राजनैतिक रुपमा चुनिएर आउने हुँदा उनीहरुले राजनैतिक आग्रह र पूर्वाग्रहको दृष्टिकोणबाट मुद्दा फैसला गर्न सक्छन भन्ने मनोविज्ञान कतिपयमा रहेको हुँदा धेरै मुद्दा न्यायिक समितिमा नगई अदालतमा जाने गरेको देखिएको।
- ✓ अदालतमा वैतनिक कानून व्यवसायी तथा प्रो-वोनोको व्यवस्था गरिएतापनि यिनीहरुको भूमिका प्रभावकारी हुन नसकेको भन्ने जनगुनासो उत्पन्न हुनु तथा वैतनिक कानून व्यवसायीहरुले दिनहीन, दुःखी, गरिव तथा असहायको लागि राज्यले प्रदान गरेको सेवा दिने व्यक्तिहरु हुन भन्ने समाचार सम्प्रेषण गर्न नसकेको।
- ✓ स्थानीय न्यायिक समितिले स्थानियस्तरमा रहेका सानातिना मुद्दा वा विवादमा निर्णय गर्ने अधिकार भएतापनि उक्त निर्णय कार्यान्वयन भए नभएको सम्बन्धमा प्रभावकारी तथा वस्तुगत अनुगमन मूल्याङ्कन गर्ने परिपाटी रहेको नदेखिएको।
- ✓ सरकारवादी फौजदारी मुद्दामा कानुनले सजायमा छूट दिने मागदावी सम्बन्धी व्यवस्था रहेतापनि जिल्ला सरकारी वकिल कार्यालयले उक्त व्यवस्था कार्यान्वयन गर्न तत्परता नदेखाएको हुँदा सो व्यवस्था कार्यान्वयनमा नआएको।
- ✓ मुद्दा दर्ता गर्नु पूर्व पहिला पनि मुद्दा परे नपरेको एकिन गर्न धेरै समय लाग्ने गरेको, कहिले काही नाम मिल्दा मात्र पनि अर्को व्यक्तिले अनाहकमा दुःख हैरानी व्यहोर्नु परेको अवस्था विद्यमान रहेको।
- ✓ कानुनमा पुनःर्स्थापकीय न्याय सम्बन्धी व्यवस्था भएतापनि त्यसको प्रयोग प्रभावकारी रुपमा नहुँदा वास्तविक पीडितले तत्कालै न्याय पाउने अवस्था नरहेको।

अन्त्यमा, कार्यक्रमको अध्यक्षता गरिरहनु भएका सर्वोच्च अदालतका माननीय न्यायाधीश एवं न्यायमा पहुँच आयोगका सदस्य श्री नृपध्वज निरौलाज्यूले सबैका लागि न्याय प्रदान गर्न न्याय सम्पादन र न्यायमा पहुँच कार्यलाई छिटो, छरितो र सदाचारयुक्त बनाउन स्थानीय तहमा रहेका स्थानीय न्यायिक समितिले मेलमिलापको माध्यमबाट न्यायिक समितिमा आउने मुद्दाहरुलाई सकेसम्म मेलमिलाप गराउनु पर्ने विषयमा जोड दिनुभयो। न्यायपालिकामा सुशासन र जनआस्था अभिवृद्धि गर्नका लागि स्वतन्त्र, निष्पक्ष, सक्षम न्यायपालिका तथा संविधान र कानूनका मान्य सिद्धान्तका आधारमा न्याय सम्पादन गरी न्यायपालिकाप्रति विश्वास अभिवृद्धि गर्न सरोकारवाला

निकायहरुको भूमिका महत्वपूर्ण हुने भएकोले सबैले आ-आफ्नो तर्फबाट सकारात्मक प्रयास गर्नुपर्ने र न्यायमा पहुँच अभिवृद्धिका लागि प्रभावकारी भूमिका खेल्नुपर्ने भन्दै उपस्थित सबैमा आभार समेत व्यक्त गर्नुभयो।

## अन्तरक्रिया कार्यक्रमका केही फोटोहरु




न्यायमा पहुंच आयोगको मिति २०८१।१२।०४ मा सिराहा जिल्लामा सरोकारवाला निकायसगं भएको अन्तरक्रिया कार्यक्रम



## १२.२ मिति २०८२।०१।०५ मा सुनसरी जिल्लामा सम्पन्न कार्यक्रम

- न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना अनुसार मिति २०८२।०१।०५ गते शुक्रवार **"न्यायमा पहुँच सम्बन्धी सरोकारवाला निकायहरुवीच एकदिवसिय अन्तरक्रिया कार्यक्रम"** सुनसरी जिल्ला अदालतको सभाहलमा सम्पन्न भएको थियो।
- उक्त कार्यक्रमको अध्यक्षता सर्वोच्च अदालतका माननीय न्यायाधीश एवं न्यायमा पहुँच आयोगका सदस्य श्री नृपध्वज निरौलाज्यूले गर्नु भएको र उच्च अदालत विराटनगरका कायममुकायम मुख्य न्यायाधीश श्री ध्रुवराज नन्दज्यू विशेष अतिथिको रुपमा उपस्थित हुनु भएको उक्त कार्यक्रममा सुनसरी जिल्ला अदालतका माननीय न्यायाधीश श्री मुकेश उपाध्याय, मोरङ जिल्ला अदालतका माननीय न्यायाधीश श्री उद्भव प्रसाद भट्टराई, सुनसरी जिल्ला अदालतका माननीय न्यायाधीश श्री प्रकाश राउत, उच्च अदालत विराटनगरका रजिष्ट्रार श्री

जगदिश प्रसाद भट्ट, जिल्ला प्रशासन कार्यालय सुनसरीका प्रमुख जिल्ला अधिकारी श्री धर्मेन्द्र कुमार मिश्र, सर्वोच्च अदालतका सह-रजिष्ट्रार तथा न्यायमा पहुँच आयोगका सचिवालय प्रमुख श्री ठगिन्द्र कट्टेल, सुनसरी सहायक जिल्ला न्यायाधिवक्ता श्री चन्द्रशेखर साह तेली, जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी प्रमुख श्री सुमन कुमार तिम्सिना, विद्वान अधिवक्ता श्री प्रमोदराज सुवेदी तथा जिल्ला वार इकाईका अन्य पदाधिकारीका साथै सुनसरी जिल्ला अदालतका स्रेस्तेदार श्री टिकेन्द्र जङ्ग राणा, तहसिलदार श्री मणिराम पोखरेल र अन्य कर्मचारीहरुसमेत गरी जम्मा ७० जना महानुभावहरूको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा उपस्थित महानुभावहरुले न्यायमा पहुँच आयोगको काम कर्तव्य र अधिकार, भावी रणनितिहरु, सरोकारवालाहरु भूमिका लगायतका विभिन्न विषयहरुमा उठाएका जिज्ञासाहरू यस प्रकार थिए।

- ✓ मुद्दा मामिलाको सम्बन्धमा अदालत तथा अन्य न्यायिक निकायमा विचौलियाको हावी हुँने हुँदा सर्वसाधारणको न्यायिक काम कारवाहीमा पहुँच स्थापित हुन नसकेको।
- ✓ न्यायिक कामकारवाहीलाई खुला र पारदर्शी बनाउन तथा सर्वसाधारणलाई सरल र प्रभावकारी तवरले सेवा प्रवाह गर्न अदालतमा सोधपूछ कक्षका साथै नागरिक वडापत्र र विभिन्न पोष्टर टेम्प्लेटको व्यवस्था हुन नसकेको।
- ✓ कारागारमा क्षमता भन्दा बढी थुनुवा र कैदी भएको, अदालत र कारागार प्रशासनवीचमा प्रभावकारी समन्वय हुन नसक्दा कैदी वन्दीहरुले मुद्दा पेशीको दिन सुनुवाई हुनबाट वन्चित हुनु परेको
- ✓ न्यायमा पहुँच कायम गर्न तथा अदालती कामकारवाहीमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सरोकारवाला निकायहरु जस्तैः मालपोत कार्यालय, नापी कार्यालय, स्थानीय निकाय लगायतको भूमिका प्रभावकारी बनाउनु पर्ने।
- ✓ विभिन्न तहमा रहेका जिल्ला कानूनी सहायता समिति तथा प्रदेशस्तरका प्रदेश कानूनी सहायता समितिहरुलाई सक्रिय बनाउन नसकिदा कमजोर वर्ग समुदायका मानिसहरुलाई न्यायमा पहुँच स्थापित गर्न समस्या उत्पन्न भएको र नागरिकको तहमा यस्ता समितिको भूमिकाप्रति विश्वास र भरोसा क्रमशः घट्दै गएको।

- ✓ न्यायिक समितिमा बस्ने व्यक्तिहरु राजनैतिक रुपमा चुनिएर आउने हुँदा उनीहरुले राजनैतिक आग्रह र पूर्वाग्रहको दृष्टिकोणबाट मुद्दा फैसला गर्छन भन्ने मनोविज्ञान रहेको हुँदा धेरै मुद्दा न्यायिक समितिमा नगई अदालतमा जाने गरेको देखिएको।
- ✓ अदालतमा वैतनिक कानून व्यवसायी तथा प्रो-वोनोको व्यवस्था गरिएतापनि यिनीहरुको भूमिका प्रभावकारी हुन नसकेको भन्ने जनगुनासो उत्पन्न हुनु तथा वैतनिक कानून व्यवसायीहरुले दिनहीन, दुःखी, गरिव तथा असहायको लागि राज्यले प्रदान गरेको सेवा दिने व्यक्तिहरु हुन भन्ने समाचार सम्प्रेषण गर्न नसकेको।
- ✓ स्थानीय न्यायिक समितिले स्थानियस्तरमा रहेका सानातिना मुद्दा वा विवादमा निर्णय गर्ने अधिकार भएतापनि उक्त निर्णय कार्यान्वयन भए नभएको सम्बन्धमा प्रभावकारी तथा वस्तुगत अनुगमन मूल्याङ्कन गर्ने परिपाटी रहेको नदेखिएको।
- ✓ सरकारवादी फौजदारी मुद्दामा कानुनले सजायमा छूट दिने मागदावी सम्बन्धी व्यवस्था रहेतापनि जिल्ला सरकारी वकिल कार्यालयले उक्त व्यवस्था कार्यान्वयन गर्न तत्परता नदेखाएको हुँदा सो व्यवस्था कार्यान्वयनमा नआएको।
- ✓ मुद्दा दर्ता गर्नु पूर्व पहिला पनि मुद्दा परे नपरेको एकिन गर्न धेरै समय लाग्ने गरेको, कहिले काही नाम मिल्दा मात्र पनि अर्को व्यक्तिले अनाहकमा दुःख हैरानी व्यहोर्नु परेको अवस्था विद्यमान रहेको।
- ✓ कानुनमा पुनःर्स्थापकीय न्याय सम्बन्धी व्यवस्था भएतापनि त्यसको प्रयोग प्रभावकारी रुपमा नहुँदा वास्तविक पीडितले तत्कालै न्याय पाउने अवस्था नहरेको।

अन्त्यमा, कार्यक्रमको अध्यक्षता गरिरहनु भएका सर्वोच्च अदालतका माननीय न्यायाधीश एवं न्यायमा पहुँच आयोगका सदस्य श्री नृपध्वज निरौलाज्यूले सबैका लागि न्याय प्रदान गर्न न्याय सम्पादन र न्यायमा पहुँच कार्यलाई छिटो, छरितो र सदाचारयुक्त बनाउन स्थानीय तहमा रहेका स्थानीय न्यायिक समितिले मेलमिलापको माध्यमबाट न्यायिक समितिमा आउने मुद्दाहरुलाई सकेसम्म मेलमिलाप गराउनु पर्ने विषयमा जोड दिनुभयो। न्याय सम्पादनको कार्य सामूहिक कार्य हो। यसमा प्रत्यक्ष वा अप्रत्यक्ष सबै सरकारवालाहरुको सहयोग, समन्वय र सम्पर्कको आवश्यकता रहेको हुँदा न्यायमा सहज पहुँच र यसको अभिवृद्धिका लागी आ- आफ्नो क्षेत्रबाट

सहयोग गर्नु हामी सबैको दायित्व हो भन्नुभयो। साथै न्यायपालिकामा सुशासन र जनआस्था अभिवृद्धि गर्नका लागि स्वतन्त्र, निष्पक्ष, सक्षम न्यायपालिका तथा संविधान र कानूनका मान्य सिद्धान्तका आधारमा न्याय सम्पादन गरी न्यायपालिकाप्रति विश्वास अभिवृद्धि गर्न सरोकारवाला निकायहरुको भूमिका महत्वपूर्ण हुने भएकोले सबैले आ-आफ्नो तर्फबाट सकारात्मक प्रयास गर्नुपर्ने र न्यायमा पहुँच अभिवृद्धिका लागि प्रभावकारी भूमिका खेल्नुपर्ने भन्दै उपस्थित सबैमा आभार समेत व्यक्त गर्नुभयो।

## १२.३ मिति २०८२।०१।१७ र १८ गते डोल्पा र जाजरकोट जिल्लामा सम्पन्न कार्यक्रम

न्यायमा पहुँच आयोगको स्विकृत वार्षिक कार्य योजना अनुसार न्यायमा पहुँचको वर्तमान वस्तुगत स्थिति, पूर्वाधार अवलोकन तथा सुपरिवेक्षण मार्फत न्यायमा पहुँच अभिबृद्धि सम्बन्धी आवश्यकता पहिचान गरि आयोगलाई आगामी नीति तथा कार्यक्रमहरु तर्जूमा गर्न र सोको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले न्यायमा पहुँच आयोगका अध्यक्ष एवम् सर्वोच्च अदालतका माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्माज्यूबाट २०८२ वैशाख १७ गते डोल्पा जिल्ला र १८ गते जाजरकोट जिल्लामा **न्यायमा पहुँच सम्बन्धी सुपरिवेक्षण भ्रमण कार्यक्रम** सम्पन्न भयो।

उक्त सुपरिवेक्षण भ्रमण कार्यक्रमका सिलसिलामा क्रमशः दुवै अदालतका न्यायमा पहुँचमैत्री भौतिक पूर्वाधार तथा संरचना तथा वस्तुस्थितिको अवलोकन गर्नुका साथै अदालतबाट न्यायमा पहुँच अभिवृद्धि सम्बन्धी भए गरेका व्यवस्था तथा कार्यक्रमको बारेमा जानकारी लिईयो।

यसै गरि न्यायमा पहुँचसंग सम्बद्ध एवम् सरोकारवाला निकायका पदाधिकारीबीच न्यायमा पहुँचको अवधारणा, कानुनी व्यवस्था, मापनका विषयहरु, अवरोधहरु, पहुँचका क्षेत्रहरु, औपचारिक तथा अनौपचारिक न्याय प्रणाली, मेलमिलाप पद्धति र स्थानीय परम्परागत विवाद

समाधानका पद्धति वा चलन, कानुनी सहायता विषयमा अन्तर्क्रिया कार्यक्रम आयोजना गरियो। कार्यक्रममा माननीय जिल्ला न्यायाधीश, अदालतका कर्मचारी (श्रेस्तेदार तथा तहसिलदार), जिल्ला सरकारी वकिल, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, स्थानीय न्यायिक समितिका संयोजक, वैतनिक कानुन व्यवसायीका साथै अर्धन्यायिक निकाय प्रमुखहरुको उपस्थिति रहको थियो।

सुपरिवेक्षण भ्रमण कार्यक्रमको क्रममा जिल्लाको न्यायमा पहुँचको यथार्थ अवस्थाको बारेमा जानकारी लिने उद्देश्यले मुद्दाका पक्ष (सेवाग्राही) र मुद्दाका पक्ष नभएका (सर्वसाधरण) व्यक्तिबाट प्रश्नावली मार्फत पनि जानकारी लिईएको थियो।

## अन्तरक्रिया कार्यक्रमका केही फोटोहरु




जाजरकोट जिल्ला अदालत



न्यायमा पहुंच आयोगको मिति २०८२।०१।१७ र १८ मा डोल्पा र जाजरकोट जिल्लामा सरोकारवाला निकायसगं भएको अन्तरक्रिया कार्यक्रम

## १३. फैसला कार्यान्वयन सम्बन्धी

लक्षित वर्गको अधिकार सम्बन्धी फैसला, आदेश तथा निर्णयहरुको कार्यान्वयनको स्थिति, समस्या र समाधानका उपायहरुका सम्बन्धमा भएको कार्यप्रगति विवरण सहितको प्रतिवेदन फैसला कार्यान्वयन निर्देशनालयबाट माग गरिएकोमा उक्त कार्यालयबाट मिति फैसलाको कार्यान्वयनमा देखिएका समस्या र समाधानका विकल्प समेत खुलाई संक्षिप्त प्रतिवेदन प्राप्त भएको थियो। सो प्रतिवेदनमा सर्वोच्च अदालतबाट महत्वपूर्ण निर्देशनात्मक आदेश भएकोमा सो आदेश कार्यान्वयनको सम्बन्धमा देश संघिय संरचनामा गएको अवस्थामा फैसला कार्यान्वयन गर्ने छुट्टै संयन्त्र स्थापना नभएको, सार्वजनिक सरोकारको विवादको निर्णय

प्रादेशिक र स्थानीय तह कसले कार्यान्वयन गर्ने भन्ने दुविधा रहेको, फैसला कार्यान्वयन गर्नको लागि दिएको आदेश पालना नगर्नेलाई कारबाही गर्ने अधिकार नभएको, निर्देशनात्मक आदेशहरु कार्यान्वयनको लागि स्वतः फैसला कार्यान्वयन निर्देशनालयमा जाने व्यवस्था नभएको, कतिपय अवस्थामा क्षतिपूर्तीको रेकर्डलाई व्यबस्थित गर्न नसकिएको पीडितहरुलाई क्षतिपूर्ती भराइदिनु पर्ने गरी भएका फैसला अनुसार पीडितहरु लामो समयसम्म पनि क्षतिपूर्ती भराइ पाउँ भनी निवेदन गर्न नआएका फैसलामा स्पष्ट उल्लेख नभएका कारण के कति र कसरी क्षतिपूर्ती भराउने भन्ने समस्या देखिएको जस्ता समास्याहरु उल्लेख रहेको देखिएको छ।

## १४. परिपत्र सम्बन्धमा

कार्ययोजना बमोजिम न्यायमा पहुँच आयोगको सचिवालयबाट देहायका विषयहरुमा मातहत अदालतहरुलाई परिपत्र गरिएको थियोः-

- सेवाग्राहीहरूलाई अदालतबाट प्रदान हुने सेवा सुविधा सम्बन्धमा आवश्यक जानकारी उपलब्ध गराउन सूचना तथा सहायता कक्षलाई व्यवस्थित बनाइ दक्ष जनशक्तिद्वारा मासिक रुपमा तोकिएको ढाँचामा सूचना प्रविष्ट गरी अभिलेख राखे व्यवस्था मिलाउने।
- दोभाषे सेवा प्रदान गर्ने प्रयोजनका लागि सूचिकृत व्यक्तिहरुको विवरण निरन्तर रुपमा अद्दाबधिक गरी सूचिकृत व्यक्तिहरुले प्रदान गरेका सेवाहरुको यथार्थ विवरण दोभाषे प्रयोग सम्बन्धी निर्देशिका, २०७२ को अनुसुचि ४ बमोजिमको ढाँचामा प्रविष्ट गरी राखे ब्यबस्था मिलाउने।
- एक घण्टाभित्र प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन आवश्यक ब्यबस्थापन, समन्वय र अनुगमन गरी ति सेवाहरुको सूचि फ्लेक्स प्रिन्टमा तयार पारी अदालतको प्रबेशद्धार तथा सेवाग्रहीले प्रत्यक्ष देखे स्थानमा राखे ब्यबस्था मिलाउने।
- अदालत परिसरमा टि.भि. डिस्प्ले/माइक वा रेकर्डेड श्रब्य सामाग्री मार्फत अदालतबाट प्रदान गरिने सेवाहरुका बारेमा सेवाग्राहीहरुका लागि जानकारी दिने आबश्यक व्यवस्था मिलाउने।

- निःशुल्क रुपमा प्रयोग गरिने विभिन्न लिखतका ढाँचाहरु (Templets) आबश्यकता अनुसार बितरण गर्ने र असक्षम पक्षलाई भर्न सहयोग गर्ने साथै सो कार्यको अभिलेख राखे व्यबस्था मिलाउने।
- बैतनिक कानून व्यबसायीको बिबरण बेभसाइटमा प्रविष्ट गर्ने ब्यबस्था मिलाउने।

## परिच्छेद- चार
## विद्यमान समस्या र आगामी कार्ययोजनाको प्रस्ताव

सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोगको स्थापना भई काम भईरहेको वर्तमान सन्दर्भमा न्यायमा पहुँचका समस्या र चुनौतीहरु पनि पहिचान भएका छन्। अदालतको एकल प्रयासवाट मात्र ती सबै समस्याहरुको समाधान संभव छैन। तथापी तीनको समाधानका लागि आयोगको तर्फबाट आवश्यक पहल एवं सक्रियता बढाइएको छ। ती मुलभूत समस्याहरु र तीनको समाधानका लागि अबका दिनमा अवलम्बन गर्नुपर्ने उपाय तथा चाल्नु पर्ने कदमहरु सहितको कार्ययोजनाको प्रस्तावनालाई देहायबमोजिम प्रस्तुत गरिएको छ।

**विद्यमान समस्याहरु**

- ✓ न्यायमा पहुँचका लागि स्पष्ट तथा एकीकृत केन्द्रीय नीति बन्न नसकेको।
- ✓ लक्षित वर्गको न्यायमा पहुँचका लागि आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, कानुनी एवं प्रक्रियागत अबरोधहरु रहेका।
- ✓ लक्षित वर्गमैत्री संस्कार, व्यवहार एवं संरचना निर्माण हुन नसकेको।
- ✓ राज्यको सेवा प्रवाहमा सबैको लागि समान, समन्यायिक र समानुपातिक अवसर एवं सुविधाहरु प्राप्त हुन नसकेको।
- ✓ अपराध पीडितको सुरक्षा, अधिकारको संरक्षण तथा उचीत राहत एवं क्षतिपूर्तिको व्यवस्था प्रभावकारी हुन नसकेको।
- ✓ जनमानसमा राज्यका न्याय प्रदायक तथा अन्य निकायहरुप्रतिको दृष्टिकोण नकारात्मक हुँदै गएको।

- ✓ न्याय खर्चिलो तथा ढिलो भएको र गुणस्तरीय एवं प्रभावकारी हुन नसकेको गुनासो सुनिएको।
- ✓ सरकारी निकायहरुको बीचमा आपसी सहयोग, समन्वय र सहकार्यको अभाव रहेको।
- ✓ निर्णय तथा फैसला कार्यान्वयन प्रभावकारी हुन नसकेको।

**आगामी कार्ययोजनाको प्रस्ताव**

- न्यायमा पहुँचको स्थिती र अवरोधक तत्वहरुको पहिचान भएको सन्दर्भमा सोको प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्नु गर्ने।
- नागरिकका हक तथा अधिकारको उपयोग र प्रचलनका लागि आवश्यक सूचना तथा सवार, सचेतनता, प्रशिक्षण, अभिमुखीकरण र सशक्तिकरणको कार्यक्रमलाई थप प्रभावकारी बनाउनु पर्ने।
- निःशुल्क कानूनी सहायतालाई एकीकृत, व्यवस्थित, गुणस्तरीय र प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक समन्वय/सहजीकरण गर्ने।
- लक्षित वर्गहरुको न्यायमा सहज पहुँचका निम्ति आवश्यक कानुनी प्रवन्ध एवं संरचना निर्माणमा आवश्यक समन्वय र सहजिकरण गर्ने।
- पीडितको सुरक्षा र संरक्षण गर्ने, साथै राहत, पुनर्स्थापना र क्षतिपूर्तिको व्यवस्थालाई प्रभावकारी बनाउने।
- अदालती प्रक्रिया एवं फैसला/आदेश कार्यान्वयनलाई छिटो, छरितो, सरल, सहज, अनुमानयोग्य, पारदर्शी, गुणस्तरीय र प्रभावकारी बनाउने।
- अदालत वा अन्य सरोकारवाला निकायका भौतिक संरचना, सुविधाहरु तथा व्यवस्थापकीय प्रबन्धहरुलाई सेवाग्राहिमैत्री, वालमैत्री, महिलामैत्री एवं अपाङ्गमैत्री बनाउने।
- जानकारीमुलक पुस्तिका स्थानीय भाषामा प्रकाशन/समन्वय गर्ने।
- अदालत परिसरमा टिभि डिस्प्ले / माइक मार्फत अदालतबाट प्रदान गरिने सेवाका बारेमा जानकारी दिने व्यवस्था मिलाउन समन्वय गर्ने।
- प्रजनन स्वास्थ्य सम्बन्धी तथा अदालती प्रक्रिया, कार्यविधि सम्बन्धी जानकारीमुलक पुस्तिका प्रकाशन र वितरण गर्ने।

- न्यायमा पहुँच सम्बन्धी फैसला तथा आदेशहरुको प्रकाशन गर्ने।
- लक्षितवर्गका व्यक्तिका हकअधिकार कानूनी व्यबस्था, कार्यविधि तथा सशक्तीकरणका सम्बन्धमा सरोकारवाला निकायहरुसंग केन्द्र, प्रदेश र स्थानीय तहमा अन्तरक्रिया गर्ने, समन्वय गर्ने।
- लक्षित वर्गहरु तथा पीडितको पक्षमा भएका अन्तरिम राहत, संरक्षण र पुनःस्थापना लगायतका अन्य आदेश तथा फैसलाहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक समन्वय र अनुगमन गर्ने।
- अदालत अबलोकन गर्न आउने व्यक्तिहरुका लागि सामान्य परिचय, सम्पादन गर्ने कार्य र कार्य कक्ष समेतको जानकारी समावेश भएको श्रब्यदृश्य सामाग्री निर्माण गरी अबलोकन कक्षबाट प्रशारण गर्ने।
- मुद्दाको पक्षलाई पायक पर्ने अदालतबाट बिद्युतीय माध्यम (online) बाट तारेख उपलब्ध गराउने प्रणालीलाई प्रभावकारी बनाइ विस्तार गर्ने।